नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

● वर्ष ४ ● अंक ४१ ● २०८२ साल पौष ०९ गते बुधवार ● Wednesday 24, December 2025 ● सूर्योदय: बिहान ०६:५१ बजे ● सूर्यास्त: साँझ ५:१८ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## धनुषा–२ बाट उपेन्द्र यादवसहित ६ जना सिफारिश

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि जनता समाजवादी पार्टी (जसपा) नेपालले धनुषा निर्वाचन क्षेत्र नं. २ बाट अध्यक्ष उपेन्द्र यादवसहित ६ जनाको नाम सिफारिस गरेको छ । क्षेत्रीय संयोजक दिपिनदेव यादवको संयोजकत्वमा सम्पन्न बैठकले प्रत्यक्षतर्फ अध्यक्ष यादवसहित ६ जना र समानुपातिक तर्फ ९ जनाको नाम सिफारिस गरेको हो ।

प्रत्यक्षतर्फ सिफारिस गरिएका उम्मेदवारहरूको सूचीमा जसपा नेपालका राष्ट्रिय अध्यक्ष यादवसँगै केन्द्रीय सदस्य अरुण सिंह मण्डल, धनुषा जिल्ला अध्यक्ष पशुपति यादव, नेता सुशील साह र कमलदेव मण्डलको नाम समावेश छ ।

त्यसैगरी समानुपातिक तर्फ मो. अब्दुल वारिक शेख, जयनारायण पासवान, कृष्ण कुमार भण्डारी, त्रिलोक महतो (श्रवण कुमार महतो), रामो महरा, समिमा खातुन, पुष्पा यादव, उदय चन्द्र मिश्र र सीता मण्डलको नाम सिफारिस गरिएको छ ।

# गम्भीर परिस्थितिमा निकासका लागि चुनाव सफल बनाऔँः राष्ट्रपति



**काठमाडौँ ।**
फागुन २१ गते हुने निर्वाचन सम्पन्न गर्नका लागि वातावरण बनाउने समझदारी भएको छ । राष्ट्रपति भवन शीतल निवासमा मङ्गलबार अपरान्ह प्रधानमन्त्री सुशीला कार्कीसहित नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालसँगको छलफलमा यस्तो समझदारी भएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।

उनका अनुसार यसका लागि चुनावको वातावरण बनाउन विस्तृत छलफल बालुवाटारमा गर्ने समझदारी पनि बनेको छ । 'देशको परिस्थिति गम्भीर र संवेदनशील भएको अवस्थामा निकास दिनका लागि चुनावको घोषणा भएको हो, यो गम्भीरतालाई ध्यानमा राखेर निर्वाचन सफल बनाउन लाग्नु हामी सबैको एक मात्र दायित्व हो,' राष्ट्रपति पौडेलले छलफलमा बताएका थिए ।

राष्ट्रपति पौडेलले देशको वर्तमान जटिल अवस्थाको निकासका लागि निर्वाचन नै उपयुक्त विकल्प भएको बताउँदै आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा निर्वाचनलाई सफल बनाउन प्रधानमन्त्रीसहित मुख्य तीन राजनीतिक दलका शीर्ष नेताहरुलाई आग्रह गरेका थिए । जेन्जी आन्दोलनपछि यो पहिलो भेट हो ।

# बुधबार कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठक



**काठमाडौँ ।**
नेपाली कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको आज बुधबार पुस ९ गते बस्ने भएको छ । पार्टीको केन्द्रीय कार्यालय सानेपामा दिउँसो १ बजे बस्ने बैठकमा पुस २६ गतेदेखि २९ गतेसम्म तोकिएको १५औँ महाधिवेशन, आगामी माघ ११ हुने राष्ट्रियसभाको निर्वाचन, आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलगायत समसामयिक विषयमा छलफल हुने बताइएको छ ।

बैठकमा केन्द्रीय कार्यसम्पादन समितिका पदाधिकारी एवम् सदस्यलाई उपस्थितिका लागि अनुरोध गरिएको मुख्यसचिव कृष्णप्रसाद पौडैलले जानकारी दिए ।

- **मन्त्रीद्वयद्वारा नेपाली कांग्रेसको कार्यालय निरीक्षण**

उद्योग, वाणिज्य तथा आपूर्ति; कानून, न्याय तथा संसदीय मामिला, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिलकुमार सिन्हा र सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल र प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार अजयभद्र खनालसहितको टोलीले नेपाली कांग्रेसको क्षतिग्रस्त केन्द्रीय कार्यालयको निरीक्षण गरेको छ ।

निरीक्षणपछि मन्त्री सिन्हाले विभिन्न कालखण्डमा राजनीतिक निकास निकालेको नेपाली कांग्रेसले वर्तमान परिस्थितिमा पनि देशर्लाई निकास दिन पहल गर्नुपर्नेमा जोड दिए । 'दलहरू पनि देशलाई राजनीतिक निकास दिनेतर्फ लाग्नुपर्छ, अहिले देश सङ्कटमा छ, हामीले सहमति गर्ने हो, हामी निर्वाचनमा केन्द्रित भइसकेका छौँ, सरकारले के कस्तो वातावरण बनाउनुपर्छ, राजनीतिक दलको अपेक्षा र सुझाव पनि सरकारलाई आवश्यक छ,' मन्त्री सिन्हाले भने । मन्त्री खरेलले प्रतिनिधिसभा निर्वाचनको वातावरण बनाएको उल्लेख गर्दै सरकार र प्रमुख राजनीतिक दलबीच संवाद जारी राखेको बताए ।

उनले भने, 'सरकारले बोलाएको वार्तामा सहभागी भएर नेपाली कांग्रेसले सहयोग गरिरहेको छ, चुनावलाई कसरी निष्पक्ष बनाउन सकिन्छ भनेर हामीले सबै राजनीतिक दलसँग छलफल गरिरहेका छौँ । चुनावको वातावरण बनाउन सरकारले हरसम्भव प्रयास गरिरहेको छ । का निम्ति विश्वसनीय वातावरण पनि बनाउँछ ।' निर्वाचनको वातावरण बनाउन सरकारले सरोकार भएका सबै पक्षसँग वार्ता गरिरहेको मन्त्री खरेलको कथन थियो ।

मन्त्री खरेलले जेन्जी आन्दोलनमा नेपाली कांग्रेसको केन्द्रीय कार्यालयमा भएको क्षतिप्रति दुःख व्यक्त गर्दै प्रधानमन्त्री सुशीला कार्कीको चाहनाअनुसार पार्टी कार्यालय भवन कसरी पुनर्निर्माण भइरहेको छ भन्ने जानकारी लिन आफूहरू आएको बताए ।

मन्त्रीद्वयलाई स्वागत गर्दै नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले निर्वाचन निष्पक्ष हुनुपर्नेमा जोड दिए । उनले भने, 'हामी सबै मिलेर निर्वाचनमा जानुपर्छ ।

सबै दलको दृष्टि चुनावमा हुनुपर्छ ।' टोलीलाई सहमहामन्त्री बद्रीप्रसाद पाण्डे, कोषाध्यक्ष उमेश श्रेष्ठ, भीष्मराज आङ्दम्बे, महालक्ष्मी उपाध्याय, पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेललगायत पदाधिकारीले आन्दोलनमा भएको क्षतिबारे जानकारी दिएका थिए ।

- **मन्त्रीहरुद्वारा एमाले कार्यालय निरीक्षण**

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री, कानून न्याय तथा संसदीय मामिला तथा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिलकुमार सिन्हा, सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदिश खरेल र प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार अजयभद्र खनालले संयुक्त रुपमा ललितपुर च्यासलस्थित नेपाल कम्युनिष्ट पार्टी एमाले केन्द्रीय कार्यालयको निरीक्षण गरेका छन् ।

जेन्जी आन्दोलनक्रममा आगजनी र तोडफोड भएको पार्टी कार्यालयको निरीक्षण गरेको सञ्चारमन्त्री खरेलले जानकारी दिए । अनुगमनपछि सञ्चारकर्मीसँग बोल्दै उनले निर्वाचनको वातावरण सरकारले मिलाउने भएकाले एमालेलाई निर्वाचन आउन आग्रह गरिएको बताए । उनले चुनावमा भाग लिने एमालेबाट आएको प्रतिबद्धता सरकारले सकारात्मक रुपमा लिएको बताए ।

उनले स्थान हदको विषय सरकारको आफ्नो कार्यक्षेत्र, विधि, प्रक्रिया र कानून जे हुन्छ, त्यसको अधीनमा रहेर मिलाउनुपर्ने र सबै वातावरण मिलाएर सरकार अगाडि बढ्ने बताए ।

'हतियारहरु बाहिर छन फिर्ता भए कि भएनन् । कैदीहरु अझै बाहिर छन् । भोट माग्न जान अवस्था छ कि छैन । राजनीतिक दललाई प्रचारप्रसारमा जानुपर्दछ त्यो अवस्था छ कि छैन । नेताहरुलाई भोट माग्न सहज रुपमा चुनावी अभियानमा जान सक्ने अवस्था छ कि छैन भनेर उहाँहरुले कुरा गर्नु भएको छ,' सञ्चारमन्त्री खरेलले भने, 'सबै वातावरण मिलाउने भनेको छौँ ।'

उनले एमाले अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका नेता रमेश लेखकलाई लगाइएको स्थान हदका विषय जाँचबुझ छानबिन आयोग र सरकारले छुट्टाछुट्टै काम गरिरहेको बताए । यस क्रममा कानूनमन्त्री सिन्हाले निर्वाचनको वातावरण बनिरहेकाले एमाले पनि निर्वाचनमा सहभागी हुने बताए । भेटमा एमाले महासचिव शङ्कर पोखरेल, उपमहासचिवद्वय योगेश भट्टराई र रघुविर महासेठ सहभागी थिए ।

# विन्दवासिनी माईको जग्गामा समाधान खोजिँदै



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर १९ स्थित विन्दवासिनी माई मन्दिरसँग सम्बन्धित सार्वजनिक सम्पत्ति (जग्गा–जमिन) को विषयमा महानगर प्रमुख राजेशमान सिंहले स्थानीयवासीसँग छलफल गरी कानूनी प्रक्रियाअनुसार समाधान निकाल्न निर्देशन दिएका छन् । वर्षौंदेखि विन्दवासिनी माई मन्दिरको नाममा रहेको सार्वजनिक जग्गा अनधिकृत रूपमा प्रयोग हुँदै आएको भन्दै सम्पत्तिको संरक्षण र व्यवस्थापन आवश्यक भएको मेयर सिंहले बताए ।

उनले सार्वजनिक सम्पत्तिको दुरुपयोग अन्त्य गर्दै कानूनअनुसार उचित निकास निकालिने स्पष्ट गरे । स्थानीयसँग गरिएको छलफलमा पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाल, वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण, पर्सा प्रहरी प्रमुख एसपी सुदीपराज पाठक, वडा नम्बर १९ का अध्यक्ष मुकेश चौरसिया, वडा सदस्य उपेन्द्र यादव र विनोद चौरसिया, महानगरका हरि पोखरेल, महानगर प्रहरी इन्चार्ज हरि भुषाल तथा स्थानीय नेताहरू सुरेन्द्र कलवार, अमित यादव, उपेन्द्र राय लगायतको उपस्थिति थियो ।

# राष्ट्रियसभा निर्वाचनः मधेशको मतभार सबैभन्दा बढी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रियसभा सदस्य निर्वाचनका लागि प्रदेशगत मतभार निर्धारण भएसँगै मधेशमा पनि राष्ट्रियसभा निर्वाचनलाई चर्चा शुरु भएको छ । निर्वाचन आयोगले तोकेको मतभारअनुसार मधेशमा सबैभन्दा बढी मतभार १० हजार ८ सय ३९ रहेको छ ।

मधेश प्रदेशमा हाल १ सय ७ जना प्रदेश सभा सदस्य र १ सय ३६ स्थानीय तहका २ सय ७२ जना प्रमुख तथा उपप्रमुख मतदाता छन् । यही मतदाताबाट राष्ट्रियसभा सदस्य चयन हुने भएकाले दलहरूको रणनीति निर्णायक बन्दै गएको छ ।

प्रदेश सभामा दलगत हैसियत हेर्दा नेकपा एमालेका २५, नेपाली कांग्रेसका २२, जनता समाजवादी पार्टी (जसपा) नेपालका १९, जनमत पार्टीका १३, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का ९, माओवादी केन्द्रका ९, नेकपा एकीकृत समाजवादीका ७ तथा नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र संघीय समाजवादी पार्टीका एक–एक प्रदेशसभा सदस्यहरु छन् ।

त्यस्तै स्थानीय तहको हिसाबले मधेशमा सबैभन्दा बढी नेपाली कांग्रेसको १ सय २, नेकपा एमालेसँग ५७, जसपा नेपालसँग ५१, लोसपाको २४, जनमत पार्टी ३, माओवादी केन्द्रसँग १८, नेकपा एकीकृत समाजवादी पार्टीसँग ११, तमालोसँग १ र स्वतन्त्रसँग ३ स्थानीय तहको मतदाता छन् ।

मतभारको हिसाबले सबैभन्दा बढी कांग्रेससंग ३ हजार १ सय ४ मतदभार छन् । एमालेसँग २ हजार ४ सय ८ मतभार रहेको छ । त्यस्तै जसपा नेपालसँग १ हजार ९ सय २३, लोसपासँग ९ सय ३३, माओवादीसँग ७ सय ६६, जनमतसँग ७ सय ४६, नेकपा एकीकृत समाजवादी पार्टीसँग ५ सय ८० मतभार छ ।

मतभारको हिसाबले कांग्रेस सबैभन्दा अगाडि देखिएको छ भने त्यसपछि एमाले र तेस्रो स्थानमा जसपा नेपाल रहेको छ । माओवादी केन्द्र र एकीकृत समाजवादी मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टी चौथो स्थानमा रहे पनि कांग्रेस, एमाले र जसपा नेपालको तुलनामा मतभारका दृष्टिले पछाडि छ ।

राजनीतिक विश्लेषकहरूका अनुसार राष्ट्रियसभा निर्वाचनमा ठूला दलहरू एक्लाएक्लै प्रतिस्पर्धामा उत्रिए पनि जित सुनिश्चित गर्न साना दलको समर्थन अनिवार्य हुनेछ । यस अर्थमा जसपा नेपाल, जनमत पार्टी, लोसपा र नेपाली कम्युनिस्ट पार्टी निर्णायक शक्तिका रूपमा देखिएका छन् ।

राष्ट्रियसभा सदस्यको निर्वाचन आगामी माघ ११ गते हुने तय भएको छ । निर्वाचन आयोगले सार्वजनिक गरेको कार्यक्रमअनुसार पुस १९ गते बिहान १० बजेदेखि ११ बजेसम्म मतदाता नामावली प्रकाशन हुनेछ । नामावलीमाथि दाबी–विरोध र उजुरीको छानबिनपछि पुस २२ गते दिउँसो ३ बजेदेखि ४ बजेसम्म अन्तिम मतदाता नामावली सार्वजनिक गरिनेछ ।

पुस २३ गते बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म उम्मेदवारको मनोनयन दर्ता हुने छ । पुस २४ गते उम्मेदवारविरुद्ध उजुरी दिन सकिनेछ भने पुस २७ गते नाम फिर्ताको समय तोकिएको छ । सोही दिन उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिने कार्यक्रम छ ।

पुस २८ गते उम्मेदवारले निर्वाचन चिन्ह प्राप्त गर्नेछन् । अन्ततः माघ ११ गते बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुने निर्वाचन आयोगले जनाएको छ ।

# प्रहरी अस्पतालका एसएसपीकै नक्कली प्रमाणपत्र

**काठमाडौँ ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नक्कली शैक्षिक प्रमाणपत्र प्रयोग गरी नेपाल प्रहरीमा सेवा प्रवेश तथा बढुवा लिएको आरोपमा प्रहरी वरिष्ठ उपरीक्षक लालबाबु गिरीविरुद्ध विशेष अदालतमा आरोपपत्र दायर गरेको छ ।

आयोगका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले गिरीविरुद्ध मंगलबार विशेष अदालतमा आरोपपत्र दायर गरिएको जानकारी दिएका हुन् । आयोगद्वारा जारी विज्ञप्तिमा गिरीले सन् १९८८ मा भारतको विहार स्कुल एक्जामिनेशन बोर्ड, पटनाबाट 'एसएलसी' उत्तीर्ण गरेको भनी पेस गरेको शैक्षिक प्रमाणपत्र नक्कली रहेको पुष्टि भएको उल्लेख गरिएको छ ।

नक्कली शैक्षिक प्रमाणपत्रकै आधारमा गिरीले २०५० सालमा त्रिभुवन विश्वविद्यालयबाट र २०६३ सालमा पूर्वाञ्चल विश्वविद्यालयबाट शैक्षिक योग्यता हासिल गरेको अनुसन्धानबाट खुलेको पनि जनाइएको छ ।

सोही प्रमाणपत्र प्रयोग गरी उनले विसं २०५२ मङ्सिर १६ गते नेपाल प्रहरीको प्रहरी नायब निरीक्षक (प्राविधिक) पदमा नियुक्ति लिई क्रमशः बढुवा हुँदै हाल प्रहरी वरिष्ठ उपरीक्षक पदसम्म पुगेको आयोगको दाबी छ । नक्कली प्रमाणपत्रका आधारमा ओहोदा, तलब, सुविधा तथा विभिन्न तालिमसमेत लिएको देखिएको भन्दै आयोगले गिरीविरुद्ध साविक भ्रष्टाचार निवारण ऐनअनुसार सजाय मागदाबी गरेको छ । उनी नेपाल प्रहरी अस्पताल, महाराजगञ्जमा कार्यरत थिए ।

# ५ लाखभन्दा बढी कतारी रियाल ठगेर रौतहटका दुई सुन व्यवसायी सम्पर्कविहीन



**रामएकवाल राम**
**दोहा, कतार ।**
कतारमा गहना बनाइदिने भन्दै ५ लाखभन्दा बढी कतारी रियाल लिएर दुई नेपाली सुनचाँदी पसल सञ्चालक फरार भएका छन् ।

कतारको गोल्ड सुक क्षेत्रमा रहेको गोल्डेन स्टोन ज्वेलरी सुनचाँदी पसल सञ्चालन गर्दै आएका रौतहट, जिंगडवा–९ का मोहम्मद मोजाज आलम र मोहम्मद रैनले करिब ५० नेपाली श्रमिकलाई ठगेर फरार भएको पाइएको छ ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) कतारका अध्यक्ष कृष्ण पन्थीका अनुसार पीडितहरू संघको सम्पर्कमा आएपछि घटना बाहिर आएको हो । संघले नेपाली दूतावास कतार तथा कतारका सम्बन्धित ठगी तथा अपराधसम्बन्धी निकायसँग समन्वय गर्दै सहजीकरण गरिरहेको उनले बताए ।

गहना अर्डर धेरै भएकाले समय लाग्ने भन्दै सञ्चालकले लामो समयसम्म आलटाल गर्दै आएको पीडितको भनाइ छ । पछि पसल नै बन्द भएपछि आफूहरू ठगिएको थाहा पाएको उनीहरूले बताए । पीडितका अनुसार गहना बनाइदिने भन्दै अग्रिम रकम लिएर गहना नदिई पसल सञ्चालक सम्पर्कविहीन भएका हुन् । ठगीको रकम पाँच लाखभन्दा बढी कतारी रियाल रहेको बताइएको छ ।

आफूहरू ठगिएको थाहा पाएलगत्तै कतारस्थित सम्बन्धित प्रहरी निकायमा उजुरी दर्ता गराइएको पीडितले जानकारी दिए । उजुरीअनुसार फरार भएका पसल सञ्चालक मोजाज आलम र मोहम्मद रैन करिब सात वर्षदेखि साझेदारीमा व्यवसाय सञ्चालन गर्दै आएको पीडितहरूले बताएका छन् । कतार प्रहरीले उनीहरूको खोजी गरिरहेको छ ।

## सम्पादकीय

# मासिक एक खर्ब ३० अर्ब घाटामा चलेको देश

चालु आर्थिक वर्ष २०८२–८३ को मङ्सिर मसान्तसम्मको हिसाब हेर्दा हामी निकै परनिर्भर बन्दै गइरहेका छन्। यो अवधिमा मुलुकले आठ खर्ब ८२ अर्ब ६९ करोड ८२ लाख २९ हजार रुपैयाँको वैदेशिक व्यापार गर्दा घाटा मात्रै ६ खर्ब ४९ अर्ब ६८ करोड रुपैयाँ घाटा व्यहोरेको छ।

यो हिसाबमा नेपाल मासिक १ खर्ब २९ अर्ब ९३ करोड ६० लाख रुपैयाँ अर्थात् पुगनपुग १ खर्ब ३० अर्ब रुपैयाँ घाटामा चलिरहेको छ । भन्सार विभागले सार्वजनिक गरेको पाँच महिनाको वैदेशिक व्यापारको स्थिति प्रतिवेदनअनुसार यो अवधिमा सात खर्ब ६६ अर्ब १८ करोड ९१ लाख रुपैयाँको आयात र एक खर्ब १६ अर्ब ५० करोड रुपैयाँको निर्यात भएको छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयात १५ दशमलव ८३ र निर्यात ५८ दशमलव १७ प्रतिशतले बढेको विभागले जनाएको छ। यसको तुलनामा हामी निर्यात पनि बढाइरहेका छौँ तर यो एकदम अपुग छ।

भारतसँग मात्र पाँच महिनामा तीन खर्ब ३९ अर्ब दुई करोड रुपैयाँ भन्दा बढी व्यापार घाटा देखिएको छ। यो अवधिमा भारतबाट चार खर्ब ३४ अर्ब छ करोड ४२ लाख रुपैयाँको वस्तु आयात हुँदा ९५ अर्ब चार करोड २० लाख रुपैयाँ बराबरको मात्रै निर्यात भएको छ । अर्को छिमेकी मुलुक चीनसँग एक खर्ब ६३ अर्ब ७३ करोड ४८ लाख रुपैयाँको आयात र ४६ करोड ६८ लाख रुपैयाँ बराबरको मात्र निर्यात हुँदा नेपालले एक खर्ब ६३ अर्ब २६ करोड ८० लाख रुपैयाँको घाटा व्यहोरेको छ।

हाम्रा दुई छिमेकी देशबाट भइरहेको आयातमै हामीले विदेशका बेचेका युवाको रेमिट्यान्स खर्चिरहेका छौँ। हाम्रो बचत मौज्दात छैन। घरघडेरी छैन, शेयर साझेदारी छैन, व्यापार कारोबार छैन । खानै, बाँच्नै मात्र हाम्रो मेहनत चलिरहेको छ।

नेपालले व्यापार नाफा गरेका मुलुकमा भने रोमानिया पहिलो स्थानमा छ । पछिल्लो पाँच महिनामा रोमानियासँग नेपालको कूल वैदेशिक व्यापार नाफा छ करोड ३४ लाख ६९ हजार रुपैयाँ बराबर छ। त्यस्तै स्वीडेन, इराकलगायतका मुलुकसँग नेपालको व्यापार नाफा छ।

त्यही रोमानिया पछिल्लो समय युवाको रोजगारी गन्तव्य बन्दैछ। हामी सुविधाभोगी यति भएका छौँ कि यो अवधिमा पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ। विभागका अनुसार पछिल्लो पाँच महिनामा ४५ अर्ब ६० करोड ६२ लाख ११ हजार रुपैयाँ बराबरको डिजेल, २७ अर्ब ३३ करोड दुई लाख १४ लाख रुपैयाँ बराबरको पेट्रोल र २२ अर्ब ३९ करोड ४६ लाख रुपैयाँ बराबरको खाना पकाउने ग्यास आयात भएको छ। १९ अर्ब १३ करोड ६९ लाखको स्मार्टफोन, ४६ अर्ब ९७ करोड रुपैयाँको कच्चा सोयाबिन तेल, २१ अर्ब ८४ करोड ६३ लाख रुपैयाँ बराबरको फलामजन्य वस्तु आयात भएको छ।

नेपालले बढी निर्यात गरेका वस्तुमा सोयाबिन तेल पहिलो स्थानमा देखिएको छ। यो अवधिमा ४६ अर्ब ५५ करोड ८६ लाख ६६ हजार रुपैयाँ बराबरको सोयाबिन तेल निर्यात भएको छ। त्यस्तै पाँच अर्ब ५३ करोड ३२ लाख रुपैयाँ बराबरको ठूलो अलैँची, चार अर्ब १३ करोड ३४ लाख रुपैयाँ बराबरको कार्पेट र तीन अर्ब ७३ करोड रुपैयाँ बराबरको सूर्यमुखी तेल निर्यात भएको छ । यी सबै उत्पादन आमसर्वसाधारणको पहुँचमा छैन । घरानियाँ उद्योगीहरुको हातमा आयात निर्यातको तथ्यांकले गरिबी अरु बढ्दै जाने संकेत छ।

# नेपालको विकास यात्रामा दक्षिणी छिमेकीको सहयोग



श्रीमन नारायण

नेपालको चौतर्फी विकासमा भारत सरकारले सहयोग गर्दै आएको छ । भारतको यो सहयोग कुनै एउटा खास जिल्ला वा क्षेत्रमा नभई देशका ७७ वटै जिल्लामा सञ्चालनमा छ । तराई–मधेशमा भारत सरकारको अनुदान सहयोगमा विकास–निर्माणको काम हुँदा काठमाडौँका वामपन्थी बुद्धिजीबी, लेखक र पत्रकारले भारतले तराई–मधेशका जनतालाई आफ्नो प्रभावमा पार्ने उद्देश्यले विकास निर्माणको कार्य गर्ने गरेको आधारहीन र मिथ्या आरोप लगाउँछन् जबकि पहाडी क्षेत्रमा विकास निर्माणको कार्यमा भारत सरकारले सहयोग गर्दा पश्चिमा राष्ट्रहरुको इशारामा हिंडने मधेशी बुद्धिजीवी र वामपन्थी विचारका बुद्धिजीबीहरुले भारत सरकारले मधेश र मधेशीका लागि केही पनि काम नगरेको केवल पहाड र पहाडीको हकमा मात्रै काम गरेको आरोप लगाउँछन् तर उपरोक्त दुवै सोच वा आरोप सुनियोजितरुपमा भ्रम फैलाउने खालका मात्रै छन् । यथार्थमा भारत सरकारद्वारा सञ्चालित परियोजना पहाड, हिमाल र तराई मधेशमा एक समान नै छ। एउटा असल छिमेकीको नाताले भारतले नेपाल सरकारको मागअनुसार नै विकास–निर्माणसम्बन्धी आयोजनामा सहयोग गर्दै आएको छ।

मधेश प्रदेशको शिक्षा र स्वास्थ्य क्षेत्रसहित विभिन्न परियोजनामा भारत सरकारले अढाई अर्ब रुपैयाँ भन्दा बढीको तथ्याङ्कअनुसार भारत सरकारद्वारा हालसम्म मधेश प्रदेशमा ८६ योजनालाई स्वीकृत गरिएको छ । जसमा प्रत्येक योजनाको लागत ३ करोड रुपैयाँदेखि साढे तीन करोड रुपैयाँसम्म रहेको छ । योजनाहरु भारत सरकारको उच्च प्रभाव सामुदायिक विकास परियोजनाअन्तर्गत स्वीकृत भएका छन् । स्वीकृत भएका परियोजनाहरुमध्ये ६१ वटा सम्पन्न भइसकेका छन् भने २५ वटा परियोजनाको काम हाल सञ्चालनमा रहेका छन् । क्षेत्रगत रुपमा हेर्दा सबैभन्दा बढी ५२ वटा परियोजना शिक्षा क्षेत्रमा रहेका छन् । त्यसैगरी, स्वास्थ्य क्षेत्रम ६ वटा सडक तथा पुल निर्माणका ८ वटा, नदी नियन्त्रणका एउटा, सिँचाईका, २ वटा र संस्कृति क्षेत्रसँग सम्बन्धित ३ वटा परियोजना रहेका छन्। यस्तै, ५ वटा विद्युतीकरण र ९ वटा मिश्रित प्रकृतिका परियोजना पनि सञ्चालनमा छन् । जिल्लागतरुपमा धनुषा जिल्लामा सबैभन्दा बढी २१ वटा भारतीय सहयोगका परियोजना सञ्चालनमा छन् । ती मध्ये १३ वटा सम्पन्न भइसकेका छन् भने ८ वटा परियोजनामा काम जारी छ।

वीरगंजस्थित भारतको महावाणिज्यदुतावासका महावाणिज्यदुत देवी सहाय मीणाका अनुसार भारत–नेपाल विकास सहयोग तथा साझेदारीअन्तर्गत सञ्चालित उच्च प्रभाव सामुदायिक विकास परियोजनाले नेपाल सरकारको प्राथमिकताका क्षेत्रहरु विद्यालय, कलेज, अस्पताल, पानी निकासी व्यवस्था, नदी नियन्त्रणलगायतका संरचना विकासमा भारतले सहयोग गर्दै आएको छ। यी सबै परियोजना नेपाल सरकारसँग सहकार्यमा स्थानीय वासिन्दाको जीवनस्तर सुधार र समग्र विकासका लागि कार्यान्वयनमा ल्याइएको छ।

स्थानीय समुदायको जीवन पदति उत्थानमा नेपाल सरकारको प्रयासलाई मजबुत बनाउनु नै यस परियोजनाको मुख्य उद्देश्य भएको उनको धारणा छ । भारत सरकारले हालसम्म नेपाललाई १ हजार ४९ वटा एम्बुलेन्स र ३ सय ८१ वटा स्कुल बस सहयोग उपलब्ध गराइसकेको छ । तीमध्ये मधेश प्रदेशमा मात्रै २ सय ३२ वटा एम्बुलेन्स र ४० वटा स्कुल बस प्रदान गरिएको छ।

हालै भारत सरकारको सहयोगमा धनुषा जिल्लाको मुखियापट्टि मुसहरनिया गाउँपालिकाको तुलसियाहीस्थित बैद्यनाथदेव नारायण सामुदायिक विद्यालयमा भारत सरकारको ३ करोड ७० लाख रुपैयाँको लागतमा निर्माण गरिएको सुविधासम्पन्न नयाँ भवन उद्धाटन वीरगंज महावाणिज्यदुतावासका महावाणिज्यदुत देवी सहाय मीणा र स्थानीय गाउँपालिका अध्यक्ष जयकुमार यादवले संयुक्तरुपमा गरे । नवनिर्मित, स्टाफ रुम, कार्यालय तथा शौचालयको व्यवस्था गरिएको छ । स्थानीय गाउँपालिकाको अध्यक्ष जयकुमार यादवले भारत सरकारको सहयोगले सामुदायिक विद्यालयको भौतिक संरचना व्यवस्थित बनेको उल्लेख गर्दै कम आय भएका परिवारका बालबालिकाका लागि शिक्षामा सहज पहुँच बढने विश्वास व्यक्त गरे । उनले हाम्रो पालिकामा अन्य विद्यालय भवनहरु पनि भारत सरकारकै सहयोगमा निर्माण भएका छन् भन्दै यो सहयोग र साझेदारीले निरन्तरता पाईरहोस भने चाहना पनि व्यक्त गरेका छन्।

हालै मधेश प्रदेशको राजधानी जनकपुरधाममा नेपाली युवा उद्यमी मञ्च र भारतीय वाणिज्यदुतावास वीरगंजको आयोजनामा मधेशका उद्यमीहरुसँगको गोलमेच छलफलमा प्रविधि उद्योगमा सहकार्यको लागि सम्भावना र चुनौतिहरुको विषयमा एउटा छलफल कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमका प्रमुख अतिथि वीरगंजस्थित भारतको महावाणिज्यदुतावासका महावाणिज्यदुत देवी सहाय मीणाले नेपाल र भारतबीचको कर्पोरेट सम्बन्धलाई कसरी अझ बढी बलियो बनाउने भन्ने उद्देश्यले यो कार्यक्रम राखिएको भन्दै भारतले प्रविधिको क्षेत्रमा गरेको विकासलाई नेपालमा पनि भित्र्याउन भारत पूर्ण रुपले तयार रहेको बताएका थिए।

यसका लागि नयाँ अवसरहरु, योजनाहरु र सम्भावनाहरुवारे विमर्श आवश्यक भएको उनले भनेका थिए । नेपाल भारतबीचको सम्बन्धको प्रमुख चारवटा स्तम्भको रुपमा विकास, सहायता, बलियो कनेक्टिभिटी, वृहत पूर्वाधार तथा आर्थिक परियोजना रहेको बताउँदै उनले अबको दिनमा यी दुवै देशका नयाँ पुस्ताको आकांक्षाअनुसार डिजिटल टेक्नोलोजीको विकासलाई आत्मसात गर्दै दुईपक्षीय सहकार्यलाई अगाडि बढाउनुपर्ने धारणा व्यक्त गरेका थिए।

नेपालका खेतीयोग्य जग्गा बाँझो छ। किनभने यहाँका युवा जनशक्ति विदेश पलायन भइसकेका छन्, यस्तो अवस्थामा भारतका विभिन्न राज्यमा प्रविधिको प्रयोगले कम जनशक्तिवाट भइरहेको उन्नत कृषि कार्यको उदाहरणबाट अनुभव लिई त्यस्ता प्रविधि नेपालमा पनि भित्र्याउन सकिए यहाँ पनि राम्रो कृषि उत्पादन गर्न सकिन्छ।

नेपालका एकजना उद्योगपतिले नीतिगत अस्पष्टता र कानूनी अड्चनहरुले पनि नेपाल र भारतबीचको प्रविधि उद्योगलाई सहकार्य गर्न कठिनाई भइरहेको गुनासो पोखेका थिए । हुनत दुई देशबीच व्यापार सम्झौता पनि छ तर नीतिगत अड्चनका कारण समन्वयमा कठिनाइ भइरहेको छ।

नेपाल सरकारले चाहे विश्वमा सबैभन्दा बलियो प्रविधि उद्योगको रुपमा यसलाई स्थापित गर्न सकिन्छ। नेपालमा प्रविधि उद्योगको विस्तार हुनसक्ने सम्भावना पनि छ, खुला सिमानालाई सही ढंगल सदुपयोग गर्न सकिए यो दुवै देशको हितमा हुनेछ।

नेपालको चौतर्फी विकासमा महत्वपूर्ण सहयोगीको भूमिका निर्वाह गर्दै आएको भारतले विगत सात दशक भन्दा लामो समयदेखि नेपालको आर्थिक विकासमा महत्वपूर्ण सहयोगी सावित भइआएको छ । नेपालका सातवटै प्रदेश र करिब ७७ वटै जिल्लामा पूर्वाधार विकासमा सहयोग गर्दै आएको छ । शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, ऊर्जा विकास, इन्धन आपूर्ति, नदी नियन्त्रण, फोहोरमैला व्यवस्थापनलगायतका क्षेत्रमा यी सहयोग छन्।

# संतोष यादव पुनः नेपाली कांग्रेसमै फर्किए

**जनकपुरधाम।**
नेकपा एमाले परित्याग गरी नेता सन्तोष यादव पुनः आफ्नो राजनीतिक यात्रा सुरु गरेको दल नेपाली कांग्रेसमै फर्किएका छन्।

लामो समयपछि कांग्रेसमा पुनः आबद्ध भएका यादवलाई पार्टीका सहमहामन्त्री महेन्द्र यादवले औपचारिक रूपमा स्वागत गरेका हुन्।

यस अवसरमा सहमहामन्त्री यादवले सन्तोष यादवको राजनीतिक अनुभव, जनतासँगको घनिष्ठ सम्बन्ध र पार्टीप्रतिको योगदान कांग्रेसका लागि उपयोगी हुने विश्वास व्यक्त गरे । उनले यादवको पुनरागमनले पार्टी संगठनलाई थप मजबुत बनाउने र जनआधार विस्तारमा सकारात्मक प्रभाव पार्ने बताए।

कांग्रेससँगको आफ्नो पुरानो र ऐतिहासिक सम्बन्ध स्मरण गर्दै सन्तोष यादवले लोकतन्त्र, समावेशिता र जनअधिकारको पक्षमा पार्टीको विचारधाराअनुसार सक्रिय भूमिका खेल्ने प्रतिबद्धता जनाए । साथै, पार्टीले अघि सारेका नीति तथा कार्यक्रमलाई जनस्तरसम्म पु¥याउन आफू निरन्तर क्रियाशील रहने उनको भनाइ थियो।

# चिसोले जनजीवन कष्टकर बन्दै गएपछि उपमहानगरद्वारा दाउरा वितरण



**मधेशदृष्टि**
**जनकपुरधाम।**
तराई–मधेश क्षेत्रमा केही दिनयता शीतलहरको असर बढ्दै जाँदा जनकपुरधाम उपमहानगरपालिकाले चिसोबाट प्रभावित नागरिकलाई राहत दिन सक्रिय कदम चालेको छ । अत्यधिक चिसोका कारण दैनिक जीवन कष्टकर बन्दै गएपछि उपमहानगरपालिकाले सार्वजनिक स्थानहरूमा दाउरा वितरण गर्दै आगो ताप्ने व्यवस्था मिलाएको हो।

नगरपालिकाले मुख्य चोक, धार्मिक स्थल आसपास तथा भीडभाड हुने स्थानहरूमा दाउरा उपलब्ध गराएर आगो बाल्ने प्रबन्ध गरेको नगरप्रमुख मनोजकुमार साहले जानकारी दिए । उनका अनुसार बिहान–साँझ खुला ठाउँमा बस्न बाध्य मजदुर, सर्वसाधारण, वृद्धवृद्धा, बालबालिका तथा बाहिरी जिल्लाबाट आएका तीर्थयात्रीलाई लक्षित गरी राहत कार्यक्रम सञ्चालन गरिएको हो।

शीतलहर अझै केही दिन कायम रहने मौसम पूर्वानुमानलाई ध्यानमा राख्दै चिसोबाट हुने स्वास्थ्य जोखिम न्यूनीकरण गर्नु नगरपालिकाको प्राथमिकता रहेको नगरप्रमुख साहले बताए। ‘नागरिकको स्वास्थ्यमा प्रत्यक्ष असर नपरोस् भन्ने उद्देश्यले तत्काल आवश्यक राहतका रूपमा दाउरा वितरण गरिएको हो,’ उनले भने।

उपमहानगरपालिकाले आवश्यकता अनुसार थप स्थानमा पनि दाउरा तथा अन्य सहयोग सामग्री उपलब्ध गराइने जनाएको छ । साथै, अत्यधिक चिसोमा आगो ताप्दा सावधानी अपनाउन, बालबालिका र वृद्धवृद्धाको विशेष हेरचाह गर्न तथा स्वास्थ्य समस्या देखिए नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न नागरिकलाई आग्रह गरिएको छ।

सडक छेउछाउ र जोखिमयुक्त स्थानमा आगो बाल्दा आगलागीको खतरा हुन सक्ने भएकाले सचेत रहन नगरपालिकाले अनुरोध गरेको छ । धार्मिक तथा पर्यटकीय शहर जनकपुरधाममा शीतलहरको समयमा आगन्तुकको चाप बढ्ने भएकाले यस प्रकारको व्यवस्थापनले नागरिक सुरक्षासँगै शहरको सकारात्मक छवि निर्माणमा पनि सहयोग पुगेको स्थानीयको भनाइ छ।

शीतलहरीको प्रभाव पूर्ण रूपमा नहटेसम्म राहत कार्यक्रमलाई निरन्तरता दिइने उल्लेख गर्दै जनकपुरधाम उपमहानगरपालिकाले नागरिकको जीवन र स्वास्थ्य रक्षा स्थानीय सरकारको प्रमुख जिम्मेवारी भएको स्पष्ट पारेको छ।

# बुधबारबाट पाँचौँ अन्तरविद्यालय क्रिकेट प्रतियोगिता



**मधेशदृष्टि**
**जनकपुरधाम।**
विद्यालयस्तरका खेलाडीको प्रतिभा पहिचान गर्दै क्रिकेटको दिगो विकास गर्ने उद्देश्यसहित जनकपुरधाममा पाँचौँ अन्तरविद्यालय क्रिकेट प्रतियोगिता आज बुधबारदेखि शुरु हुन लागेको छ। जनकपुर स्पोर्ट्स क्लब र न्यू भिजन नेपालको संयुक्त आयोजनामा स्थानीय रंगभूमि मैदानमा प्रतियोगिता सञ्चालन हुन लागेको हो।

प्रतियोगिताको औपचारिक शुरुआतअघि मंगलबार आयोजित कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साह र उपमहानगरपालिकामा कार्यरत सफाइ कर्मचारी सिताराम मेस्तरले संयुक्त रूपमा ट्रफी अनावरण गरे। समाजका सबै वर्ग र पेशाप्रति सम्मान र समावेशीताको सन्देश प्रवाह गर्न जनप्रतिनिधि र कर्मचारीमार्फत ट्रफी अनावरण गरिएको आयोजकले जनाएको छ।

कार्यक्रममा बोल्दै राष्ट्रिय क्रिकेट खेलाडी हरिशंकर साहले खेललाई सामाजिक रूपान्तरणको माध्यमका रूपमा उपयोग गर्न खोजिएको बताए । सम्मान, समानता र समावेशिताका मूल्य व्यवहारमै उतार्न यसपटक ट्रफी अनावरण कार्यक्रम फरक ढंगले आयोजना गरिएको उनको भनाइ थियो।

आयोजकका अनुसार प्रतियोगितामा जनकपुरधाम तथा आसपासका क्षेत्रका २४ वटा विद्यालयका टिम सहभागी हुनेछन् । प्रतियोगिताको उद्घाटन खेल बुधबार मदर टेरेसा स्कुल र याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय, ज्ञानकुपबीच हुनेछ । गत वर्ष सम्पन्न यही प्रतियोगिताको उपाधि मदर टेरेसा स्कुलले जितेको थियो।

आयोजक संस्थाका प्रतिनिधि प्रशान्त अरविन्दले विद्यालयस्तरबाटै खेलाडी उत्पादन गर्नु प्रतियोगिताको मुख्य लक्ष्य रहेको बताए । ‘स्थानीय तहबाट खेलाडी पहिचान गर्ने, प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्ने र दीर्घकालीन रूपमा राष्ट्रियस्तरसम्म पु¥याउने उद्देश्यले हामीले हरेक वर्ष यो प्रतियोगिता आयोजना गर्दै आएका छौँ,’ उनले भने।

प्रतियोगिताका खेलहरू तय तालिकाअनुसार बाह्रविघा मैदानमा सञ्चालन हुने जनाइएको छ । आयोजकले खेलप्रेमी दर्शक, अभिभावक र सरोकारवालालाई खेल अवलोकन गरी विद्यालयस्तरका खेलाडीलाई हौसला प्रदान गर्न आग्रहसमेत गरेको छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# जाडोमा सतर्कता अपनाउन प्रशासनको अनुरोध

**मधेशदृष्टि**
**वीरगंज ।**
शीतलहर र जाडोयाम शुरु भएसँगै पर्सा जिल्लामा बाक्लो हुस्सु लागिरहेको अवस्थामा चिसोका कारण जनजीवन प्रभावित हुन सक्ने भन्दै जिल्ला प्रशासन कार्यालय पर्साले सतर्कता अपनाउन जिल्लाबासीलाई आग्रह गरेको छ । प्रशासनका अनुसार चिसोका कारण विशेषगरी बालबालिका, जेष्ठ नागरिक, सुत्केरी र गर्भवती महिला, सीमान्तकृत तथा गरीब समुदाय बढी जोखिममा पर्न सक्ने भएकाले आवश्यक सावधानी अपनाउन अनुरोध गरिएको छ । न्यानो कपडा लगाउने, अत्यधिक चिसोको समयमा बाहिर नबस्ने, सुत्दा सिरक–कम्बल प्रयोग गरी छाती र टाउको ढाक्ने जस्ता उपाय अपनाउन भनिएको छ । त्यसैगरी आगो ताप्दा वा विद्युतीय उपकरण प्रयोग गर्दा सतर्क रहन, तातो पानी तथा पोषिलो झोल पदार्थ सेवन गर्न, बिरामी, वृद्धवृद्धा र बालबालिकाको विशेष हेरचाह गर्न प्रशासनले आग्रह गरेको छ । ज्वरो, खोकी, दम बढ्ने वा सास फेर्न गाह्रो भए तत्काल स्वास्थ्यकर्मीको सम्पर्कमा जान अनुरोध गरिएको छ । प्रशासनले पशुपन्छीलाई पनि चिसोबाट जोगाउन गोठभित्र राख्न, गोठ सफा र न्यानो बनाउन तथा बिरामी भए पशु चिकित्सालयमा सम्पर्क गर्न भनेको छ । साथै, हुस्सुका बेला सवारी साधन चलाउँदा गति कम गर्न र आवश्यक लाइट प्रयोग गर्न चालकलाई सचेत गराइएको छ । जिल्ला प्रशासन कार्यालय पर्साले शीतलहरको समयमा सबैलाई सतर्क रहन र आवश्यक परे सम्बन्धित निकायसँग सम्पर्क गर्न अनुरोध गरेको छ ।

# ठोरीमा पनि विद्यालयमा जाडो बिदा

**मधेशदृष्टि**
**वीरगंज ।**
शुक्रबारदेखि बढेको चिसो घट्ने लक्षण नदेखिएसँगै ठोरी गाउँपालिकाले सामुदायिक विद्यालयका लागि १ दिन जाडो बिदा दिएको छ । आज बुधबारका लागि जाडो बिदा दिइएको ठोरी गाउँ पालिका शिक्षाशाखा प्रमुख भुपाल जोशीले जानकारी दिए । बिहीबार क्रिस्मस्डे परेको र शुक्रबार ठोरी गाउँपालिको शैक्षिक क्यालेन्डरमा वर्षे बिदा रहेको हुँदा १३ गते आइतबारदेखि विद्यालय यथावत समयमा सञ्चालन हुने गरी एकदिने जाडो बिदा गाउँपालिकाले दिएको नेपाल शिक्षक महासंघ ठोरीका अध्यक्ष अमृत श्रेष्ठले जानकारी दिए ।

# एभरेष्ट चिनी उद्योगमा उखु क्रसिङ शुरु

**महोत्तरी ।**
गौशाला–१ रामनगरस्थित एभरेस्ट सुगर एन्ड केमिकल इन्डस्ट्रिजले उखु क्रसिङ (उखु पेल्न) थालेको छ । उद्योगले सोमबार यस वर्षको चिनी उत्पादनका लागि क्रसिङ थालेको हो । गत वर्ष उद्योगले मङ्सिर २६ गते नै क्रसिङ थालेको थियो ।
गत वर्षभन्दा दुई साता ढिलो उद्योग सञ्चालन गरिए पनि उद्योगलाई भने उखु पर्याप्त पुगेको छैन । किसानले उखु काटेर पुर्याउन नसक्दा उद्योगलाई उखु अपुग भएको हो । 'हामीले क्रसिङ खोल्यौँ, तर क्षमताअनुसार उखु निकै कम आएको छ,' उद्योगका महाप्रबन्धक सुरेन्द्र शुक्ला भन्छन्, 'यसले गर्दा रोकीरोकी क्रसिङ गर्नुपरेको छ ।' 'दैनिक ५५ हजार क्विन्टल उखु क्रसिङ गर्ने क्षमता छ, तर उद्योगमा पहिलो दिन आएको उखु १५ हजार क्विन्टल नाघेन,' उनी भन्छन्, 'यसले गर्दा रोकीरोकी क्रसिङ गर्नुपर्ने अवस्था छ ।' उद्योगललाई कम्तीमा पनि घानमै ३० हजार क्विन्टल उखु चाहिने उनको भनाइ छ ।
किसानले अहिलेको मौसमको प्रतिकूलताले उखु कटानमा समस्या भएको बताएका छन् ।
'उखु काटेर चाँडै उद्योगमा पुर्याउन हामीलाई पनि हतारो छ, तर निकै जाडो बढेको हुँदा जनशक्ति पाइएको छैन,' भङ्गाहा–४ का उखु किसान अरुण गिरी भन्छन्, 'अब एकदुई दिनमै कटानले गति समात्ला ।'
सरकारले यसपालि गत मङ्सिर २२ गते उखुको मूल्य निर्धारण गरेको थियो । यस वर्षका लागि उद्योगले प्रतिक्विन्टल ६ सय २० रुपैयाँ र सरकारले अनुदानबापत ७० रुपैयाँ दिने तोकेको छ । यो गत वर्षभन्दा ७० रुपैयाँ बढी हो । गत वर्ष उखुको मूल्य ५ सय ८५ र अनुदान ३५ रुपैयाँसहित किसानले प्रतिक्विन्टल ६ सय २० रुपैयाँ पाएका थिए । यसपालिलाई उखुको मूल्य र अनुदानसहित ७ सय ५० रुपैयाँ पाउनुपर्ने माग राख्दै आएका किसानले थोरै भए पनि भाउ बढ्दा सन्तोष देखाएका छन् ।
जिल्लामा यसपालि नौ हजार ६ सय बिघामा उखुखेती गरिएको छ । यसमध्ये पाँच हजार बिघाको खुट्टी (दोस्रो वर्षको बाली) र चार हजार ६ सय बिघाको मुडन (पहिलो वर्षको बाली) रहेको उखु उत्पादक कृषक सङ्घका जिल्ला अध्यक्ष नरेशसिंह कुशवाहाको भनाइ छ ।

# मटिहानीमा एकीकृत घुम्ती सेवा शिविर

**महोत्तरी ।**
स्थानीय तह तथा वडाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरू जनताको घरदैलोमै पु¥याउने उद्देश्यले मटिहानी नगरपालिकाले आजदेखि एकीकृत घुम्ती सेवा शिविर सञ्चालन गरेको छ ।
नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलले पालिका र वडाबाट प्रवाह हुने सेवाहरूलाई एकीकृत रूपमा जनतासमक्ष पु¥याउने उद्देश्यले शिविर आयोजना गरिएको बताए । उनले शिविरबाट स्थानीयवासी प्रत्यक्ष लाभान्वित हुने विश्वास व्यक्त गरे ।
मंगलबार वडा नं १ सिर्सियाबाट प्रारम्भ गरिएको शिविर क्रमशः सबै वडाहरूमा सञ्चालन गरिने जनाइएको छ । शिविरमा योजनासम्बन्धी अभिमुखीकरण तथा योजना सम्झौता, व्यवसाय दर्ता तथा नवीकरण, ज्येष्ठ नागरिक परिचयपत्र वितरण, अपाङ्गता परिचयपत्रका लागि दरखास्त सङ्कलनलगायतका सेवा प्रदान गरिएको छ ।

# प्रहरीद्वारा गाँजा नष्ट

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा अवैध रूपमा लगाइएको गाँजा खेती प्रहरीले नष्ट गरेको छ । इलाका प्रहरी कार्यालय पोखरियाबाट प्रहरी निरीक्षक प्रदीप पौडेलको कमान्डमा खटिएको टोलीले बहुदरमाइ नगरपालिका–१ मा अवैध रूपमा रोपिएका करिब एक हजार गाँजाका बोट उखेलेर नष्ट गरेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।
प्रहरीले करिब १ दशमलव ५ कट्ठा क्षेत्रफलमा लगाइएको गाँजा फडानी गरेको हो । प्रहरीका अनुसार अवैध लागुऔषध नियन्त्रण अभियानअन्तर्गत यस्तो कारबाही गरिएको हो ।

# विद्युत् माग्दै हनुमानझुलाका स्थानीयले भेटे मन्त्री

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ठोरी वडा नं १ सँग सीमाना जोडिएको माडी नगरपालिका वडा नं ९ हनुमानझुलाका बासिन्दा विद्युत् नपाउँदा आक्रोशित भएका छन् । स्थानीयले मंगलबार बिहान चितवनको नारायणगढमा ऊर्जा, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्री कुलमान घिसिङ समक्ष माग पत्र पेश गर्दै आफ्नो गाउँमा विद्युत विस्तारको माग गरेका छन् । उनीहरूले राष्ट्रिय निकुञ्जले आधारभूत सेवा सुविधा उपलब्ध गर्न रोक लगाएको गुनासो पनि सुनाएका छन् । जवाफमा मन्त्री घिसिङले निकुञ्जसँग समन्वय गरेर समस्या समाधान गरिने पनि बताए ।

# जेष्ठ नागरिक अचेत फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको भानुचौक नजिक करिब ६० वर्षका पुरुष अचेत फेला परेका छन् ।
सडक छेउमा उनी अचेत अवस्थामा देखेपछि स्थानीयले प्रहरीलाई जानकारी गराएका थिए ।
वडा प्रहरी कार्यालय श्रीपुरको टोलीले ती व्यक्तिलाई उद्धार गरी नारायणी अस्पतालमा उपचारका लागि पुर्याएको छ । प्रहरीका अनुसार हालसम्म उनको पहिचान खुल्नसकेको छैन ।
यसैबीच प्रहरीले कसैको परिवारको सम्बन्धित व्यक्ति भएमा वडा प्रहरी कार्यालय श्रीपुरमा सम्पर्क गर्नसमेत अनुरोध गरेको छ ।

# रौतहट–४ बाट आजपा उम्मेदवारमा धमला



**मधेशदृष्टि**
**रौतहट ।**
आम जनता पार्टी (आजपा)ले रौतहट निर्वाचन क्षेत्र नम्बर–४ बाट ऋषि धमलालाई उम्मेदवारका रूपमा एकल नाम सिफारिश गरेको छ । पार्टीका केन्द्रीय तथा स्थानीय तहमा भएका व्यापक छलफल, सुझाव र मूल्याङ्कनपछि धमलालाई उम्मेदवारका रूपमा अघि सारिएको आमजनता पार्टीले जनाएको छ ।
जनताको हक–अधिकार, सामाजिक न्याय, सुशासन र समावेशी विकासको पक्षमा निरन्तर सक्रिय तथा जनसमस्यासँग प्रत्यक्ष रूपमा जोडिएको नेतृत्व भएकाले उनको नाम एकल रूपमा सिफारिस गरिएको पार्टीको भनाइ छ ।

# गाँजा ओसारपसारमा संलग्न चार पक्राउ

**मधेशदृष्टि**
**महोत्तरी ।**
प्रतिबन्धित लागुऔषध ओसारपसार गरिरहेको अवस्थामा प्रहरीले दुई भारतीयसहित चार जनालाई पक्राउ गरेको छ ।
प्रहरीले महोत्तरीको सीमावर्ती गाउँपालिका सम्सी–६ का २१ वर्षीय शेष तनबिर र सोही उमेरका मुसाहिदुल इस्लाम तथा भारत बिहार राज्यको सितामढी जिल्ला, वेला थाना–६ का २२ वर्षीय राजु कुमार मण्डल र २१ वर्षीय अरबिन्द कुमार मण्डललाई नियन्त्रणमा लिएको हो । उनीहरूलाई भारी परिमाणको लागुऔषधसहित पक्राउ गरको प्रहरीले जनाएको छ ।

# बाला यौन दुराचार मुद्दाका फरार पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
बालयौन दुरुपयोगसम्बन्धी मुद्दामा वारदातपछि फरार रहेका दुई जना प्रतिवादीलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा खडक नगरपालिका–८ भदियाका २८ वर्षीय राकेश चौधरी र ३३ वर्षीय सूर्या चौधरी रहेका छन् ।
उनीहरू आर्थिक वर्ष २०८१–८२ को मुद्दा नम्बर ६१ अन्तर्गत बालयौन दुरुपयोग कसुरमा फरार थिए । जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार इलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिएको टोलीले खडक नगरपालिका–८ भदिया टोलमा पैदल हिँडिरहेको अवस्थामा दुवै जनालाई पक्राउ गरेको हो ।

# मानव सेवा आश्रमलाई सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
वैदेशिक रोजगारीक्रममा साइप्रसमा रहेका ठोरीबासीले, ठोरी वडा नं १ स्थित मानव सेवा आश्रमलाई सहयोग प्रदान गरेको छ । ठोरी वडा नं–३, ब्रह्मानगर घर भई साइप्रसमा कार्यरत नानुमाया श्रेष्ठको पहलमा सहयोग संकलन गरिएको हो । साइप्रसमा बस्ने सहयोगी मनका व्यक्तिहरूबाट एक लाख रुपैयाँ संकलन गरिएकामा ५७ हजार रुपैयाँ बराबरको सामग्री ब्ल्याङ्केट, जाडोमा लगाउने कपडा, डस्टबिन र चप्पल आश्रमलाई हस्तान्तरण गरिएको छ भने ४३ हजार रुपैयाँ नगद सहयोग प्राप्त भएको आश्रमका सेवक आशा बहादुर गुरुङले जानकारी दिए । ठोरी १ स्थित आश्रममा असहाय, अपाङ्ग, बृद्धबृद्धासमेत २१ जना आश्रित छन् ।


## पोखरिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
पोखरिया, पर्सा

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०९/०९

यस कार्यालयबाट मिति २०८२/०६/२४ गतेको मधेशदृष्टि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार e-bidding मार्फत दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राबिधिक प्रस्ताव छनौट भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ङ (५) अनुसार आर्थिक प्रस्ताब खोलि मुल्यांकन प्रयोजनार्थ सम्बिन्धित बोलपत्रदाताहरुलाई उपस्थितिको लागि सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. र नाम | प्राबिधिक पक्षमा सारभूत रुपमा प्रभावग्राही सफल बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताब खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| १ | PM/NCB/W/01/2082-083 (Construction of Shree Mahobani Padam Secondary School at Pokhariya Municipality-6) | • Bista/ Kabin JV, Parsa<br>• Arjun Builders & Construction Pvt. Ltd., Gulmi<br>• Archana/ NM/ Misty JV, Birgunj-13, Parsa<br>• BNC/ Gumda/ PP JV, Samakhusi, Kathmandu<br>• Chandrajyoti/ Dibya Suryodaya JV, Kathmandu<br>• Dev/ Baryetch/ Sunami JV, Bidur, Nuwakot<br>• Bhupendra Construction, Kalaiya, Bara<br>• Dreamway/ Balaji/ Jana Aadarsha JV, Kathmandu<br>• Eco Builders Engineers Pvt. Ltd., Gokarneshwor, Kathmandu<br>• Gurukul Builders/ Chaudhary Nirman / Krishna & Kaushaliya Nirman JV, Rautahat<br>• Hamro/ Bikash/ Shristi JV, Birgunj-14, Parsa<br>• Maryada Construction & Suppliers Pvt. Ltd., Dilibazar, Kathmandu<br>• Natural/ OM/ RPA JV, Gaur, Rautahat<br>• Nawa Sirjanshil Construction Company Pvt. Ltd., Sinamangal-09, Kathmandu<br>• Pashupati Shivajee Construction Pvt. Ltd., Kathmandu<br>• Polo/ Royal JV, Bhaktapur<br>• Shree Bhagat/ Suryakunda JV, Jaleshwor-2, Mahottari<br>• Slate/ Krishna Laxmi JV, Kathmandu<br>• Sunstar/ CP International JV, Kathmandu<br>• Himanjaya/ Prashant/ Matribhumi JV, Koteshwor-32, Kathmandu | पोखरिया नगरपालिका, पोखरिया, पर्सा<br>२०८२/०९/१६<br>दिनको १:०० बजे |

**बोधार्थ**

- श्री Himanjaya/ Prashant/ Matribhumi JV, Koteshwor-32, Kathmandu - श्री **Matribhumi Developers & Engineering Pvt. Ltd.** को Average Annual Construction Turnover मा **असफल** रहेको

# पाँच महिनामा तीन खर्ब ५९ अर्बका सामान आयात

**वीरगंज ।**
वीरगंज नाका हुँदै चालु आर्थिक वर्षको पाँच महिनामा तीन खर्ब ५९ अर्ब २३ करोड रुपैयाँ मूल्य पर्ने वस्तु तथा सामान आयात भएका छन् । गत आर्थिक वर्षको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा १७ प्रतिशत अर्थात् ५३ अर्ब ३२ करोड रुपैयाँ बढी मूल्यका सामान आयात भएको हो । जबकि गत आवको पाँच महिनामा भने तीन खर्ब छ अर्ब एक करोड रुपैयाँ मूल्यबराबरका सामान भित्रिएको थियो ।
वीरगंज भन्सार कार्यालयका सूचना अधिकृत उदयसिंह विष्टले चालु आवको पाँच महिनामा आयात वृद्धि भएसँगै राजस्व सङ्कलन पनि उल्लेखनीय वृद्धि भएको बताए ।
चालु आवको पाँच महिनामा ७२ अर्ब २८ करोड रुपैयाँको पेट्रोलियम पदार्थ भित्रिएको छ । त्यसैगरी, ३१ अर्ब ६५ करोड रुपैयाँको फलाम तथा फलामबाट बनेका सामान भित्रिएका छन् ।
२४ अर्ब ६० करोड रुपैयाँ मूल्य पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात भएका छन्भने २२ अर्ब ८५ करोड रुपैयाँ मूल्य पर्ने भटमासको कच्चा तेल आयात भएको छ ।

# आइसीसी महिला टी–२० विश्वकप ग्लोबल खेल तालिका सार्वजनिक

**काठमाडौँ ।**
नेपाल क्रिकेट सङ्घ (क्यान) ले नेपालमा आयोजना हुने आइसीसी महिला टी–२० विश्वकप ग्लोबल छनोटको खेल तालिका सार्वजनिक गरेको छ । प्रतियोगितामा विभिन्न १० राष्ट्रको सहभागिता रहेको छ ।
क्यानले सार्वजनिक गरेको खेल तालिकाअनुसार नेपाल समूह 'बी' मा परेको छ ।
नेपाली महिला क्रिकेट टोली पहिलोपटक विश्वकप एसिया छनोट पार गरेर ग्लोबल छनोटमा पुगेको हो । नेपालको समूहमा स्कटल्यान्ड, थाइल्यान्ड, नेदरल्यान्ड्स र जिम्बावे रहेका छन् ।
आगामी जनावरी १४ तारिखदेखि फेब्रुअरी १ तारिखसम्म सञ्चालन हुने प्रतियोगिताको समूह 'ए' मा बङ्गलादेश, नामिबिया, अमेरिका तथा पपुवा न्यूगिनी छन् । प्रतियोगिताको खेल मूलपानी क्रिकेट मैदान र त्रिवि अन्तरराष्ट्रिय क्रिकेट मैदानमा हुने क्यानले जनाएको छ ।
नेपालले आफ्नो पहिलो खेल आगामी जनवरी १८ तारिखमा थाइल्यान्डसँग खेल्दै प्रतियोतिगाको उद्घाटन गर्नेछ । खेल माथिल्लो मुलपानी क्रिकेट मैदानमा हुनेछ । यस प्रतियोगितामा सहभागी दुवै समूहबाट शीर्ष तीन टोली सुपर सिक्समा छनोट हुनेछन् । त्यस सुपर सिक्सबाट शीर्ष चार स्थान हासिल गर्ने टोलीले सन् २०२६ मा हुने महिला टी–२० विश्वकपमा छनोट हुनेछन् ।

# दुई नाबालकसहित ११ कैदीबन्दी पक्राउ

**सिरहा ।**
जेन्जी आन्दोलनका क्रममा गत २४ भदौमा देशका विभिन्न बाल सुधार गृह तथा कारागारबाट फरार भएका कैदीबन्दीमध्ये सिरहा प्रहरीले हालसम्म दुई नाबालकसहित ११ जनालाई पक्राउ गरेको छ ।
जिल्ला प्रहरी कार्यालयकाअनुसार जलेश्वर, नख्खु, जगन्नाथ देवल, सप्तरी, सिन्धुली, केन्द्रीय कारागार तथा बाल सुधार गृह वीरगंजबाट फरार भएका कैदीबन्दी पक्राउ परेका हुन् ।
पक्राउ परेकामध्ये नौ जनालाई सम्बन्धित कारागार तथा सुधार गृहमा बुझाइसकिएको छभने बाँकी दुई जनालाई बुझाउने प्रक्रिया चलिरहेको जिल्ला प्रहरीका प्रहरी निरीक्षक ओमप्रकाश पण्डितले जानकारी दिए । यसैबीच, प्रहरीले धनगढीमाई नगरपालिका–११ डाबरटोलस्थित चितवा खोला नजिकबाट सोमबार दिउँसो बेवारिसे अवस्थामा एक नाल भरुवा बन्दुक फेला पारेको छ । सो बन्दुकका सम्बन्धमा इलाका प्रहरी कार्यालय लहानले अनुसन्धान गरिरहेको जनाएको छ ।

# असी दलित बस्तीमा निःशुल्क ट्युसन कक्षा सञ्चालन हुँदै



**सिरहा ।**
लहान नगरपालिकाअन्तर्गत रहेका दलित तथा मुसहर बस्तीमा निःशुल्क ट्युसन कक्षा सञ्चालन गरिने भएको छ । नगरपालिकाको शिक्षा शाखाले दलित बस्तीमा ट्युसन कक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ तयार गरी कार्यक्रम अगाडि बढाएको हो ।
कार्यविधिअनुसार ट्युसन कक्षा सञ्चालनका लागि शिक्षक पदमा दरखास्त आह्वान गरिएकामा माग गरिएको ३५ पदका लागि करिब १ सय ५० जनाको आवेदन परेको शिक्षा शाखा अधिकृत अमिरी यादवले जानकारी दिए । 'मागभन्दा धेरै दरखास्त परेपछि निष्पक्ष छनोटका लागि लिखित परीक्षा लिने निर्णय गरेका छौँ । पुस २५ गते लिखित परीक्षा आयोजना गरी शिक्षक छनोट गरिनेछ,' शिक्षा उनले भने । उनका अनुसार शिक्षक छनोट गर्दा स्थानीय तथा सम्बन्धित समुदायका व्यक्तिलाई प्राथमिकता दिइनेछ । छनोट भएका शिक्षकलाई मासिक १० हजार रुपैयाँ पारिश्रमिक उपलब्ध गराइनेछ ।
लहान नगरपालिकाका २४ वटै वडामा करिब ८० टोल दलित तथा मुसहर बस्ती रहेको र ती बस्तीमै ट्युसन कक्षा सञ्चालन गरिने यादवले जानकारी दिए । 'ट्युसन कक्षा बिहान वा बेलुका दैनिक दुई घण्टा सञ्चालन हुनेछ,' उनले थपे ।
नगरपालिकाले गरेको सर्भेअनुसार ८० टोल दलित तथा मुसहर बस्तीमा करिब एक हजार २ सय जना दलित बालबालिका छन् । आगामी माघको पहिलो हप्ताबाट ट्युसन कक्षा सञ्चालन गर्ने तयारी गरिएको र कक्षा सञ्चालनपछि अनुगमनका लागि एक जना अनुगमनकर्ता पनि खटाइने शिक्षा शाखाले जनाएको छ ।
नगरप्रमुख महेशप्रसाद चौधरीका अनुसार चालु आर्थिक वर्ष २०८१–८२ का लागि निःशुल्क ट्युसन कक्षा सञ्चालन गर्न ३० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । 'दलित तथा मुसहर बालबालिका विद्यालयमा नियमितता नहुने समस्या देखिएको छ । ट्युसन कक्षाले उनीहरूलाई पढाइमा निरन्तरता दिन सहयोग गर्ने विश्वास लिएका छौँ,' नगरप्रमुख चौधरीले भने । नगरपालिकाले यो कार्यक्रममार्फत शिक्षाबाट पछि परेका समुदायका बालबालिकाको शैक्षिकस्तर उकास्ने लक्ष्य लिएको जनाएको छ ।

# प्रभावकारी बन्दै दिगो वन व्यवस्थापन कार्यक्रम



**रौतहट ।**
रौतहटका सामुदायिक वनमा दिगो वन व्यवस्थापन कार्यक्रम प्रभावकारी बन्दै गएको छ । मङ्गलबार हातेमालो सामुदायिक वन उपभोक्ता समूह चन्द्रपुर–४ र ६ ले वन संवद्र्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनसम्बन्धी अन्तरक्रिया आयोजना गरिएको थियो । अन्तरक्रियामा चन्द्रपुर सव डिभिजन वन कार्यालयका प्रमुख अनिल महतोले दिगो वन व्यवस्थापन कार्यक्रमले हातेमालो सामुदायिक वन उपभोक्ता समूह देशकै नमूना सामुदायिक वनको रूपमा स्थापित भएको बताए । सो सामुदायिक वनको कूल क्षेत्रफलको २ सय ८२ हेक्टरमध्ये २ सय ७४ हेक्टर वन क्षेत्र उत्पादनशील रहेको उनले जानकारी दिए । आठ वटा आवधिक खण्ड बनाएर संरक्षण गरिँदै आएको सामुदायिक वनमा बालीचक्र ८० वर्ष कायम गरेर वन संरक्षण कार्ययोजना बनाइएको वन अधिकृत महतोले जानकारी दिए ।
एक खण्डमा करिब साढे ३४ हेक्टर जङ्गल रहेको र एक खण्डलाइ १० वटा भागमा विभाजन गरी दिगो वन व्यवस्थापन कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ । चालु आर्थिक वर्षमा मात्रै साढे तीन हेक्टर वन क्षेत्रमा एक हजार ६ सय ९७ रुखमध्ये २ सय ७२ वटा रुख माउ रुखको रूपमा कायम गरिएको र बाँकी एक हजार ३ सय २५ वटा रुख पुनःउत्पादन तथा कटानका लागि सिफारिस गरिएको छ ।
डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्तकुमार साहले जिल्लामा तीन वटा सामुदायिक वन र एउटा साझेदारी वनमा दिगो वन व्यवस्थापन कार्यक्रम लागु भएको जानकारी दिए । तिलेश्वरनाथ सामुदायिक वन उपभोक्ता समूह, भोर्लेनी सामुदायिक वन उपभोक्ता समूह र हातेमालो सामुदायिक वन उपभोक्ता समूह तथा रङ्गपुर साझेदारी वन उपभोक्ता समितिमा सो कार्यक्रम लागु भएको उनको भनाइ छ ।
सामुदायिक वन उपभोक्ता महासङ्घ रौतहटका अध्यक्ष बेदहरी दाहालले दिगो वन व्यवस्थापन कार्यक्रम इमान्दारिताका साथ काम गरे फाइदै फाइदा हुने बताए । हातेमालो सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रामलाल ठोकरले आफूले नेतृत्व गरेको सामुदायिक वन साल उत्पादन तथा संरक्षणमा देशमै नमूनाको रूपमा परिचित हुँदै गएको उल्लेख गरे ।

# सभामुख यादवद्वारा शहीद परिवारलाई सम्मान

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका नवनियुक्त सभामुख रामअशिष यादवले मधेश जनआन्दोलनका क्रममा अमूल्य बलिदान दिने शहीदका परिवार तथा जिउँदो शहीदलाई सम्मान गरेका छन् । शहीद परिवार तथा जिउँदो शहीदहरुलाई सम्मान गर्दै उनीहरूको योगदान इतिहासमा अमिट रहने बताएका छन् ।
सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख यादवले मधेशको पहिचान, अधिकार र आत्मसम्मानका लागि गरिएको संघर्ष कुनै एक कालखण्डको मात्र नभई पुस्तौँसम्म स्मरण गर्नुपर्ने ऐतिहासिक आन्दोलन भएको उल्लेख गरे । उनले जनआन्दोलनका क्रममा ज्यान गुमाएका शहीदप्रति श्रद्धाञ्जली अर्पण गर्दै मधेशले प्राप्त गरेको राजनीतिक पहिचान र अधिकार शहीदहरूको बलिदानकै परिणाम भएको स्पष्ट पारे ।
सभामुख यादवले शहीद परिवार तथा जिउँदा शहीदलाई राज्यका सच्चा अभिभावकको संज्ञा दिँदै प्रदेश सरकारले उनीहरूको सम्मान, संरक्षण र जीवनस्तर उकास्न विशेष ध्यान दिने प्रतिबद्धता व्यक्त गरे । 'शहीदका सपना साकार पार्नु नै हाम्रो वास्तविक जिम्मेवारी हो,' उनले भने ।
यसअघि सभामुख यादवले आफ्नो कार्यकालको औपचारिक शुभारम्भ मधेश प्रदेशको राजधानी जनकपुरधामस्थित सीताराम गौशालाबाट गरेका थिए ।
गौशालामा पुगेर गाईहरूलाई रोटी खुवाउँदै उनले सेवा, करुणा र सांस्कृतिक मूल्यप्रतिको सम्मानबाट सार्वजनिक जीवन शुरु गरेको सन्देश दिएका हुन् ।
सभामुख यादवले मधेशको धार्मिक, सांस्कृतिक र सामाजिक पहिचानलाई आत्मसात गर्दै प्रदेशसभालाई समावेशी, मर्यादित, उत्तरदायी र जनमुखी बनाउने प्रतिबद्धता दोहो¥याए । मधेश जनआन्दोलनका शहीदले देखेको सपना पूरा गर्न प्रदेशसभा सधैँ जनताको पक्षमा उभिने उनको भनाइ छ ।

# राष्ट्रिय दलित आयोगको पाँचौँ वार्षिक प्रतिवेदन प्रदेश प्रमुखलाई बुझाइयो




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय दलित आयोगले आर्थिक वर्ष २०८१–८२ मा सम्पन्न गरेका गतिविधि, उपलब्धि र सरोकारका विषय समेटिएको पाँचौँ वार्षिक प्रतिवेदन मधेश प्रदेशप्रमुख डा. सुरेन्द्र लाभसमक्ष पेश गरेको छ ।
प्रदेश प्रमुखको कार्यालय जनकपुरधाममा आयोजित विशेष कार्यक्रममा आयोगका अध्यक्ष देवराज विश्वकर्माले नेपालको संविधानको धारा २९४ को उपधारा (३) अनुसार वार्षिक प्रतिवेदन औपचारिक रूपमा बुझाएका हुन् । प्रतिवेदनमा दलित समुदायको हकहित संरक्षण, सशक्तीकरणका पहल, वर्षभरि सञ्चालन गरिएका कार्यक्रम, अनुसन्धान, अनुगमन तथा राज्यका निकायलाई दिइएका सिफारिसहरू समेटिएका छन् ।
प्रतिवेदन ग्रहण गर्दै प्रदेशप्रमुख डा. लाभले दलित समुदायको अधिकार सुनिश्चित गर्न राज्यका सबै संयन्त्र गम्भीर र उत्तरदायी हुनुपर्ने धारणा व्यक्त गरे । उनले संविधानले सुनिश्चित गरेको समानता, सामाजिक न्याय र समावेशीताका अधिकार व्यवहारमा कार्यान्वयन हुन नसकेसम्म सामाजिक रूपान्तरण सम्भव नहुने उल्लेख गरे ।
प्रदेश प्रमुख लाभले दलित समुदायमाथि हुने विभेद अन्त्य गर्न आयोगको भूमिकालाई अझ प्रभावकारी बनाउँदै नीति निर्माण र कार्यान्वयन प्रक्रियामा त्यसका सुझावलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए ।
दलित समुदायविरुद्धका भेदभाव, असमानता र सामाजिक बहिष्करणका मुद्दामा निरन्तर आवाज उठाउँदै आएको राष्ट्रिय दलित आयोगले नीति सुधार, सचेतना अभिवृद्धि तथा अधिकार संरक्षणका क्षेत्रमा सक्रिय भूमिका खेल्दै आएको छ ।
आयोगले तयार पार्ने वार्षिक प्रतिवेदनलाई दलित समुदायको वास्तविक अवस्था बुझ्ने महत्वपूर्ण आधार दस्तावेजका रूपमा लिइने गरिएको छ ।

# पेट्रोल छर्केर आगो लगाइ हत्या गरेको अभियोगमा पक्राउ

**सिन्धुली ।**
पेट्रोल छर्केर आगो लगाइ बुहारीको हत्या गरेको अभियोगमा सासु र नन्द पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालयले विज्ञप्ति जारी गरी कमलामाई नगरपालिका–४ धुराफाँटकी ३२ वर्षीया सुशीला बम्जनको हत्या गरेको अभियोगमा ५९ वर्षीया सासु मायारानी बम्जन र ३५ वर्षीया नन्द मीना लामालाई पक्राउ गरिएको हो ।
अभियुक्तद्वयले आइतबार बुहारी सुशीलाको शरीरमा पेट्रोल छर्केर आगो लगाएका थिए । मृतकका श्रीमान् विगत दुई वर्षदेखि वैदेशिक रोजगारीमा छन् । घटनास्थलबाट जलेको शव प्रहरीले बरामद गरेको छ भने मृतकका ससुरा दुर्गामान घाइते भएका छन् । उनलाई उपचारार्थ काठमाडौँ पठाइएको छ । अभियुक्तलाई जिल्ला अदालतबाट म्याद लिएर थुनामा राखिएको छ ।
घटनाको निष्पक्ष छानबिन तथा दोषीमाथि कडा कारबाहीको माग गर्दै स्थानीयले जिल्ला प्रहरी कार्यालय घेराउ गरेका छन् ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन